अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/१५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	**विश्वराज मरासेनी** **सर्मेन्द्र प्रसाद चौधरी** **सुरेश प्रसाद यादव** मुद्दा नं.०७९-CR-०११९ फैसला मितिः २०८०।११।१४	**जिन्सी सफ्टवेयर खरिद सम्बन्धी भ्रष्टाचार गरेको**	**आयोगको माग दावी** प्रतिवादीहरू सिम्रौनगढ नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विश्वराज मरासेनी, तत्कालीन लेखा अधिकृत सर्मेन्द्र प्रसाद चौधरी र जिन्सी शाखामा कार्यरत सहायक स्तर चौथो पदमा कार्यरत सुरेश प्रसाद यावद उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसूरमा बिगो रु.१,९९,८९७।- (अक्षरेपि एक लाख उनान्सय हजार आठ सय सन्तानब्बे रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (३) बमोजिम सजायको मागदाबी लिई आरोपपत्र दायर भएको **अदालतको फैसला** • प्रतिवादीहरुले अभियोग मागदाबीबाट सफाई पाउने ठहर भई फैसला भएको	• खरिद कार्यमा बदनियत थियो भन्ने पुष्टि हुन नसकेको र Software खरिद गरिसकेपछि प्रयोगमा आउन नसकेकोमा बदनियत तत्त्व नरहेको । • अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष कम्प्युटर अधिकृत विनोद वस्तीले "खरिद भएको सफ्टवेयरमा डाटा प्रविष्टी लगायतका कार्य गरेको देखिएको र Software सञ्चालनमा रहेको देखिएको" भन्ने व्यहोराको प्रतिवेदन पेश गरेको।	• सार्वजनिक निकायले वस्तु तथा सेवाको खरिद आवश्यकता (Necessity) का आधारमा गर्नुपर्छ । यदि आवश्यकता नै नभई केही खरिद गरिन्छ भने त्यस्तो खरिदको कुनै औचित्य रहन्न । सिम्रौनगढ नगरपालिका, बाराले मिति २०७६।०६।०१ गते जिन्सी व्यवस्थापनको केन्द्रीय प्रणाली समेतका सफ्टवेयर खरिद तथा जडान/विस्तार गर्ने कार्यको लागि सोही मितिमा डेल्टा इन्फोसिस प्रा.लि., काठमाडौं, विग वाइट मल्टी ट्रेड प्रा.लि., काठमाडौं तथा इन्फर्मेसन टेक्नोलोजी स्टोर प्रा.लि., काठमाडौंसँग दरभाउपत्र माग गरेकोमा डेल्टा इन्फोसिस प्रा.लि., काठमाडौंले पेश गरेको दरभाउ सबैभन्दा कम मूल्यांकित भएको हुँदा उक्त कम्पनीसँग सम्झौता गरी कार्य गर्न गराउन मनासिव देखिन्छ भन्ने व्यहोरा सहितको सिम्रौनगढ नगरपालिकाका जिन्सी शाखाका सुरेश प्रसाद यादव तथा लेखा शाखाका सर्मेन्द्र प्रसाद चौधरीबाट टिप्पणी उठेकोमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विश्वराज मरासेनीबाट स्वीकृत भई डेल्टा इन्फोसिस प्रा.लि., काठमाडौंसँग ७ दिनभित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भई मिति २०७६।०६।०८ मा कार्यादेश दिइएको र सो सम्झौता बमोजिम जिन्सी व्यवस्थापन केन्द्रीय प्रणाली समेतका कम्प्युटर सफ्टवेयरको लागि डेल्टा इन्फोसिस प्रा.लि.ले पेश गरेको दरभाउपत्र बमोजिम १३% मु.अ.कर सहित रु.१,९९,८९७।–(अक्षरेपी एक लाख उनान्सय हजार आठ सय सन्तानब्बे रुपैयाँ) भुक्तानी भएकै देखिँदा तथ्यमा विवाद छैन । तर उक्त Software खरिदका सम्बन्धमा नगरपालिकाबाट कुनै निर्णय नभएको र प्रतिवादीहरुका तर्फबाट समेत उक्त Software खरिदको आवश्यकता रहेको पुष्टि हुने कुनै पनि आधार पेश गर्न सकेको पाइँदैन । यस्तो अवस्थामा खरिदको आवश्यकताको वैधता नै पुष्टि हुन नसकेको अवस्थामा प्रतिवादीहरुको बदनियत नभएको भन्ने आधार ग्रहण गरी सम्मानित अदालतबाट प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ । • प्रस्तुत मुद्दामा प्रतिवादीहरुलाई सफाई दिँदा कम्प्युटर अधिकृत विनोद वस्तीले अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष मिति २०७९।०९।२० मा पेश गरेको प्रतिवेदनलाई आधार ग्रहण गरे तापनि उक्त प्रतिवेदनलाई सम्मानित अदालतले अन्यथा रुपमा ग्रहण गरेको देखिन्छ । सो प्रतिवेदनको तथ्यगत व्यहोरालाई निज कम्प्युटर अधिकृत विनोद वस्तीले सम्मानित अदालत समक्ष मिति २०८०।०४।२३ गरेको बकपत्रमा "उक्त प्रतिवेदन प्रस्तुत मुद्दासँग सम्बन्धित होइन, करसँग सम्बन्धित सफ्टवेयरको हो" भनी स्पष्ट पार्दै व्यहोरा उल्लेख गरेको देखिन्छ । त्यस्तै कम्प्युटर इन्जिनियर सरिता गुरुङले अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष पेश गरेको प्रतिवेदन तथा निजले सम्मानित अदालत समक्ष गरेको बकपत्रमा समेत उक्त सफ्टवेयर Installation भएको नदेखिएको र डाटा समेत प्रविष्टि नभएको व्यहोरा उल्लेख गरिदिएको छ । प्रमाण ऐन, २०३१ को दफा १० र दफा १८ बमोजिम निज कम्प्युटर अधिकृतहरुले व्यक्त गरेको कुरालाई प्रत्यक्ष प्रमाणका रुपमा ग्रहण गर्नुपर्नेमा अन्यथा रुपमा ग्रहण गरी निज प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला प्रमाण मूल्याङ्कनको रोहमा त्रुटिपूर्ण देखिँदा बदरभागी छ । • सिम्रौनगढ नगरपालिका बाराका लेखा अधिकृत सर्मेन्द्र प्रसाद चौधरीले अनुसन्धान अधिकारी समक्ष गरेको बयानको स.ज. ११,१२ र १३ मा जिन्सी सम्बन्धी सफ्टवेयर जिन्सी दाखिला गर्ने स्टोर किपरले किन दाखिला गर्नु भएन थाहा भएन तर त्यो software जडान भएर प्रयोगमा ल्याउने नसकिएको हो भनी कसुरमा साबित भई बयान गरेको देखिन्छ । त्यसैगरी सिम्रौनगढ

					नगरपालिका बाराका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विश्वराज मरासेनीले बयानको स.ज. ७ र ९ मा लेखा/स्टोर कर्मचारीको अज्ञानता, जिन्सी सामानको Software सञ्चालन गर्न कर्मचारी नहुँदा तथा तालिममा सिक्न नसक्दा Software जडान भै सञ्चालनमा ल्याउन नसकी समस्या भएको अवस्था हो भनी कसुरमा साबित भई बयान गरेको पाइन्छ । यसका साथै सिम्रौनगढ नगरपालिका बारामा खरिदार/सहायक स्तर चौथो पदमा जिन्सी शाखामा कार्यरत सुरेश प्रसाद यादवले बयानको स.ज. ११, ततिम्बा बयानको स.ज. ३ र ४ तथा थप ततिम्बा बयानको स.ज. ३, ४, ५, ६ र ७ मा डेल्टाको जिन्सी सम्बन्धी कम्प्युटर सफ्टवेयरको भुक्तानी सम्बन्धमा मलाई थाहा छैन, त्यो सफ्टवेयर जिन्सी दाखिला पनि छैन तथा अहिले नेपाल सरकारको पाम्स PAMS चलिरहेकोले उक्त सफ्टवेयरको आवश्यकता पनि छैन भनी आफू उक्त जिन्सी सफ्टवेयर खरिद तथा प्रयोगमा नआउनुमा संलग्न नरहेको भनी इन्कारी बयान गरे तापनि उक्त सफ्टवेयर खरिद गर्ने मिति २०७६।०६।०१ को टिप्पणी तथा मूल्यांकनको तुलनात्मक चार्ट तयार गरी सम्झौता गर्न मनासिव देखिन्छ भन्ने मिति २०७६।०६।०३ को टिप्पणी उठाएको तथा सो सफ्टवेयरको भुक्तानीमा स्टोर समेतलाई तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विश्वराज मरासेनीले मिति २०७६।०६।१२ को भुक्तानी सम्बन्धी निवेदनमा तोक लगाएको देखिँदा उक्त Delta Infosys Pvt. Ltd. सँग सफ्टवेयर खरिद गर्ने कार्यमा निजको समेत संलग्नता स्पष्ट देखिँदा देखिँदै निज प्रतिवादीहरुलाई अभियोग दाबीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ । अतः मिसिल उल्लिखित आधार तथा प्रमाण समेतलाई अनदेखा गरी प्रतिवादीहरु विश्वराज मरासेनी, सर्मेन्द्र प्रसाद चौधरी र सुरेश प्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिमको कसुरको आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी निज प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष अनुरोध छ ।